सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# जिल्ला अस्पताल बैतडी

## दरभाउपत्र आह्वानको सूचना ।

*(प्रथम पटक सूचना प्रकाशित मिति २०७९।०९।०७)*

यस बैतडी अस्पतालमा आ.व. ०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार यस अस्पतालमा भर्ना हुने बिरामीहरुको लागि मिति २०७९ माघ १ गतेदेखि मिति २०८० साल पौष मसान्तसम्मका लागि सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा राशन आपूर्ति गरिने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस सूचनामा उल्लेखित सेवा शर्तको अधिनमा रही इजाजत प्राप्त फर्मले यस जिल्ला अस्पताल बैतडीबाट पछि फिर्ता नहुने गरि रु.१,०००। तिरी रीत पूर्वकको दरभाउपत्र फाराम खरिद गरि १६औं दिनको १२:०० बजे भित्र सिलबन्दी दरभाउपत्र फाराम पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

१. दरभाउपत्र खरिद/दाखिला गर्दा निम्न कागजातको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(क) **नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, फर्म तथा व्यवसाय दर्ता, आयकर दर्ता,मूल्य अभिवृद्धि करमा दर्ता तथा आ. व. ०७८/७९ सम्मको कर चुक्ता प्रमाणपत्र** सहितको नविकरण भएको प्रतिलिपी नोटरी पव्लिकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ । तथा दरभाउपत्रको सिलवन्दी खामको बाहिर यस अस्पताललाई सम्वोधन गरि कामको विवरण, ठेक्का नं., पेश गर्नेको नाम, ठेगाना, फोन नं., खुलाई लाहाछाप लगाई पेश गर्नु पर्नेछ ।

(ख) दरभाउपत्र जमानत वापतको रकम को.ले.नि.का. बैतडीको एकल खाता नं. **४०५०१००२०२०३००००** रा.वा. बैंक बैतडीमा रहेको धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक वाट मान्यता प्राप्त कम्तीमा दरभाउपत्र खुल्ने मितिले ७५ दिन म्याद भै यस अस्पतालका नाउँमा जारी भएको बैंकको बैंक जमानत पत्र दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ । नगदलाई मान्यता दिइने छैन ।

२. बि.ओ.क्यू. दरभाउपत्रमा दररेट उल्लेख गर्दा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । फरक परेमा अक्षर लाई मान्यता दिइनेछ । यस अस्पतालवाट बिक्रि नभएको, कुनै शर्त राखि पेश गरेको दरभाउपत्र ग्राह्य हुने छैन । बि.ओ.क्यू. को केरमेट भएको स्थानमा ठेकेदारको दस्तखत वा छाप हुनुपर्नेछ ।

३. खरिद भएको दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र सम्बन्धित सप्लायर्सको आधिकारीक व्यक्तिले स्पष्ट संग भरि प्रत्येक पानामा दस्तखत गरि कम्पनी वा फर्मको छाप लगाई सिलबन्दी गरि यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । दर्ता हुन आएका सिलवन्दी दरभाउपत्र सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधि तथा कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउपत्र फाराम खरिद गर्न स्वयं दरभाउपत्रदाता उपस्थित हुन नसकेमा मञ्जुरीनामा वाट पनि खरिद गर्न सकिनेछ । तर त्यस्तो मञ्जुरीनामा (निवेदन) एक फर्म, एक व्यक्तिलाई मात्र मान्य हुनेछ ।

५. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने तथा खोलिने मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोही समयमा उक्त कार्य गरिनेछ ।

६. दरभाउपत्रदाताले मु.अ.कर लाग्ने सामग्रीहरु भएमा आफ्नो कवोल अंकमा मूल्य अभिवृद्धि कर वाहेकको दर उल्लेख गर्नु पर्नेछ । मु.अ.कर रकम छुट्टै भुक्तानी गरिनेछ । साथै सिलवन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ ।

७ दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले स्वीकृत ला.इ. बमोजिमको र स्पेशिफिकेसन अनुसार राशन आपूर्ति कार्य गर्नु पर्नेछ । सिलवन्दी दरभाउपत्र पेश गर्दा बि.ओ.क्यू. मा रहेका आइटमको नमूना पेश गर्नुपर्नेछ ।

नि. मेडिकल सुपरिटेण्डेन्ट

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला अस्पताल बैतडी

८ यस सूचनामा उल्लेख भएका कुराहरु पेश नगरी दरभाउपत्र रित नपुर्‍याई वा ढिला गरि प्राप्त भएको दरभाउपत्र माथि कुनै कारवाहि गरिने छैन ।

९ नियमानुसार लाग्ने आयकर, ठेक्का कर स्वयंले व्यहोर्नु पर्नेछ ।

१०. दरभाउपत्र स्वीकृत नभएका दरभाउपत्रदाताहरुको धरौटी रकम ठेक्का सम्झौता सम्पन्न भए पछि मात्र फुकुवा गरिनेछ ।

११. दरभाउपत्र खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा स्वार्थ नवाझिएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा पत्र अनिवार्य दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

१२. दरभाउपत्र फाराम भर्दा ठेक्काका शर्तहरु पूर्णत: अध्ययन गरि स्पष्ट संग भर्नु पर्नेछ ।

१३ सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१४. दरभाउपत्रदाताले उपलब्ध गराउने राशन तोकिएको स्पेशिफिकेसन अनुरुप हुनुपर्ने र सो लाई पुष्ट्याई गर्ने आवश्यक कागजात अनिवार्य हुनुपर्नेछ ।

१५. दरभाउपत्र स्वीकृत भै खरिद सम्झौता गर्न आउँदा कवुल अंक मु.अ.कर सहितको ५ प्रतिशतले हुन आउने रकम को.ले.नि.का.बैतडीको रा.वा.वैंक बैतडी स्थित धरौटी हि.नं ४०५०१००२०२०३००००० नगद जम्मा गरेको सक्कल भौचर वा सो वरावरको नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त वाणिज्य वैंकवाट यस अस्पतालका नाउँमा जारी भएको कम्तीमा त्रुटी सच्याउने अवधि भन्दा एक महिना वढि मान्य अवधि भएको परफरमेन्स वण्ड पेश गर्नु पर्नेछ साथै राजस्व रकम रु १००० राजस्व खाता नं १०००२०००१०००० राजस्व शिर्षक नं १४२२७ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

१६. दरभाउपत्र साथ पेश गरेको प्रतिलिपी कागजातहरु आवश्यक परे सक्कल समेत माग गरि जांचिनेछ । नक्कली कागजातहरु पेश गरेको पाईएमा निज दरभाउपत्रदाताको दरभाउपत्र रद्द गरि कालो सूचीमा समावेश गर्न सम्वन्धित निकायमा सिफारिस गरिनेछ ।

१७. उपलब्ध गराईएको डाईट स्लीप अनुसार खाद्यान्न आफैंले दैनिक नियमित रुपमा बिरामीको अवस्था हेरी अस्पतालको भान्सा घरबाट दिने र विरामीको वार्डमा पुर्‍याउनु पर्नेछ । साथै विरामीको संख्या घटबढ भएमा पनि भर्ना बिरामीको संख्या र दिइएको डाइट स्लीप अनुसार नै स्वीकृत दररेट वमोजिम संख्याको आधारमा भुक्तानी दिईनेछ ।

१८. यस सूचना र वि.ओ.क्यू.मा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरु प्रचलित सा. खरिद ऐन २०६३ तथा सा. खरिद नियमावली २०६४ (संशोधन सहित) अनुसार हुनेछ ।

१९. दरभाउपत्र सम्बन्धी आवश्यक कुराहरु बुझ्न परेमा यस अस्पतालको प्रशासन शाखा ०९५५२०१५१ मा सम्पर्क गर्नुहोला ।

| सि.नं. | दरभाउ पत्र नं | कामको विवरण | लागत अनुमान रु. (मु.अ.कर र कन्टिन्जेन्सी वाहेक) | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०१/०७९/८० | खरिद आपूर्ति कार्य वन्दोवस्त | रु. १५,००,००० | रु ५१,००० | रु.१,०००।– |

डा दिपेश श्रेष्ठ
नि. मेडिकल सुपरिटेण्डेन्ट